नेपाल सरकार

## ऊर्जा जलस्रोत तथा सिचांइ मन्त्रालय

## बिद्युत बिकास बिभाग अनामनगर, काठमाडौं

## पुराना जिन्सी मालसामानहरु लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०१।१३ )

यस बिद्युत बिकास बिभागको हाता भित्र रहेका का सवारी साधन र मेसिनरी औजार, फर्निचर लगायत अन्य सामाग्रीहरु आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २८ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ७ अनुसार जे–जस्तो अवस्थामा छन एकमुष्ट सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्मले निम्न शर्तको अधिनमा रहि गोप्य  शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।

### शर्तहरु

१. वोलपत्र फारम यस बिभागबाट रु १०००। (पछि फिर्ता नहुने गरि) तिरी सूचना प्रकाशन भएको मितिले २१औं दिनसम्मको कार्यालय समयभित्र खरिद गर्न सकिने छ । बिक्री भएका बोलपत्रहरु यस बिभागमा बाइसौं दिनको १२.०० बजे भित्र दर्ता हुनुपर्नेछ । सो बोलपत्रहरु सोही दिनको २.०० बजे यस बिभागमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. बोलपत्र फारम दर्ता गर्दा कवोल अंकको १० प्रतिशत धरौटी रकम को.ले.नि.का. समन्वय कार्यालय थापाथलीको धरौटी खाता नं १२०१२००००१००२५२४, **हिसाव– बिद्युत बिकास बिभाग २७-३०८-०२** मा जम्मा गरि सोको सक्कलै भौचर बोलपत्र फारमसंगै पेश गर्नुपर्नेछ र बोलपत्र स्वीकृत भएमा बाँकी रकम सम्झौता गर्न आउदाका वखत वुझाउनु पर्नेछ ।

३. लिलाम गरिने सामानको नामसारी, दाखिला खारेज तथा अन्य सम्पूर्ण राजश्व दस्तुर बोलपत्रदाता स्वयंले नै ब्यहोर्नु पर्नेछ ।

४. लिलाम हुने सामान स्थलगतरुपमा हेर्न चाहेमा यस कार्यालयको परिसरमा आई कार्यालय समयभित्र हेर्न सकिनेछ ।

५. लिलाम विक्री हुने सामानको वोलपत्रसाथ तोकिएको न्यूनतम अंक भन्दा कम सकार गर्ने फर्म/व्यक्ति को वोलपत्र मान्य हुनेछैन ।

६. लिलाम हुने सामान सवारी साधन को न्यूनतम मूल्य रु ६०,०००/ र  अफिस टेवल, कुर्सी, र्‍याक, दराज, डेस्कटप कम्प्युटर, ल्यापटप, फ्याक्स मेसिन लगायतका सामानहरुको न्यूनतम मूल्य रु ५४,५००/ गरी जम्मा रु १,१४,५००। हुनेछ ।

७. बोलपत्र स्वीकृत भएको ७ दिन भित्र धरौटी रकम कटाई कबोल गरेको बाँकी रकम जम्मा गरि सामानहरु उठाई लैजानु पर्नेछ । तोकिएको समय भित्र बोलपत्रदाताले कबोल गरेको बाँकी रकम जम्मा नगरेमा धरौटी रकम जफत हुनेछ ।

८. यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा आर्थिक कार्यबिधि नियमावली २०६४ तथा अन्य प्रचलित ऐन, नियम, कानून बमोजिम हुनेछ ।

९. तोकिएको दिनमा कुनै कारणवस बिदा परेमा सोको कारवाही कार्यालय खुलेको दिन सोही समयमा नै हुनेछ ।

थप जानकारीको लागि फोन नं ०१४४८०२१८ वा मोवाईल नं ९८५६०४५८८७ मा सम्पर्क राख्नहुन अनुरोध गरिन्छ ।